आज मिति २०८१ भाद्र महिनाको २८ गते नेपाल सम्वत ११४४ जलाथ्व १० शुक्रवारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थिति निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | गौतम भण्डारी | सदस्य सचिव | गो न पा १४, गोरखा | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | कैलाली | |

३. स्वर्णा ब. नेपाली   शिक्षा शाखा

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ८९

मितिः २०८१/०५/२८

ने.स ११४४ ञल्लाथ्व दशमी, शुक्रबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा
२. रोजगार सेवा केन्द्रको कार्याक्रम कार्यान्वयन सम्वन्धमा।
३. नगरसभा सदस्यलाई उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा।
४. नगर अनुदानमा सहयोगि शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा।
५. दुध उत्पादनमा दिने अनुदान रकम सम्वन्धमा।
६. Project Aid to Nepal अन्तगर्तका आयोजना पेश गर्ने सम्वन्धमा।
७. प्रारम्भिक बातावरणिय अध्यायन प्रतिवेदनको कार्यसूची स्वीकृत गर्ने सन्वन्धमा।
८. निर्माण व्यवसायको ईजाजत पत्र जारी गर्ने सम्वन्धमा।
९. विविध

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस नगरपालिका नगर कार्यापालिकको साउन महिनामा भएको निर्णयको कार्यान्वयनको अवस्था तथा सो बैठक पछि हालसम्म नगरपालिकाको कार्यालय तथा वडा कार्यालयले गरेको कार्यहरुको बारेमा छलफल भयो ।

२. प्रस्ताव नं २ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रबाट कार्यान्वयन हुने कार्यक्रमहरु मध्ये युवा रोजगारी कार्यक्रम वडा नं ६ देखि १० सम्म र प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं १ देखि ५ सम्म कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा यस नगरपालिका वडा नं ५ बाट निर्वाचित नगर सभा सदस्य श्री सिता सन्चुरी लामो समय देखि रोगबाट ग्रसित भई उपचाररत रहनु भएकोले निजको स्वास्थ्य उपचारका लागि रु ५०००० ।-अक्षरुपी रु पचास हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ मा छलफल गर्दा चालु आर्थिक बर्ष २०८१-८२ को शिक्षा युवा तथा खेलकुद शाखाबाट कार्यान्वयन गरिने कार्यक्रम **नगर अनुदानमा सहयोगि शिक्षक** कार्यान्वयन गर्नका लागि बनेको कार्यविधिमा थप छलफल गर्नु पर्ने देखिएकोले अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ६ मा छलफल गर्दा पशु विकास शाखाबाट कार्यान्वयन हुने कार्यक्रम दुध उत्पादनको आधारमा अनुदान कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि समेत पारित भई सकेकोमा सो कार्यविधि बमोजिम छनोटमा परेका दुध उत्पादक किसानहरुलाई प्रति लि. रु ३ (अक्षरुपी रु तिन) रकम अनुदान दिने निर्णय गरियो ।

६. प्रस्ताव नं ७ मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१-०५-२० च.न. ६८ को पत्रानुसार जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिव्वत)सँग सिमाना जोडिएको जिल्लाको स्थानीय तहहरु जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ तिव्वतको सहयोगमा कार्यान्वयन हुने गरि आयोजनाको प्रस्ताव माग भई आएकोमा तपसिलको योजना कार्यान्वयन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

- नगर भित्रको नदिमा तटबन्धन निर्माण

७. प्रस्ताव नं ८ मा छलफल गर्दा यस नगरपालिका वडा नं ७ मा प्रस्तावित आधुनिक प्रविधिमा वधशाला निर्माण तथा सन्चालनका लागि एकिकृत कृषि बहुउद्देशिय प्रा.लि गोरखाको तर्फबाट परामर्शदाता श्री इडट सस्टेनेबल सोलुसन प्रा.लि महाराजगंज काडमाण्डौले पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको कार्यसूचि स्वीकृत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ९ मा छलफल गर्दा यस कार्यालयमा पेश भएको निवेदन अनुसार तथा निर्माण व्यवसायी इजाजत सम्वन्धी जाँचबुझ तथा सिफारीस समितिले निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि २०७५, बमोजिम आवश्यक कागजपत्र रहेकोले इजाजत दिन सिफारीस गर्ने निर्णय

Scanned with CamScanner

गरे बमोजिम घ बर्गको निर्माण व्यवसायी श्री स्नेहा स्मृति कन्स्ट्रक्सन एण्ड सप्लायर्स पा.न.पा-८ गोरखालाई ईजाजत पत्र दिने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ (क) मा छलफल गर्दा यस नगरपालिका कार्यालयको वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श शाखाबाट कार्यान्वयन हुने कार्यक्रम वडा नं २ र ७ को टोल छनोट गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं ९ (ख) मा छलफल गर्दा यस नगरपालिकाको ८८ औ कार्यापालिकाको बैठकबाट निर्णय भए बमोजिम गर्न लागेको प्रथम लिगलिग महोत्सव तथा १२ औ लिगलिग दौडको तयारीलाई थप व्यापक बनाउने र प्रचारप्रसार, छलफललाई सघन बनाउदै जाने निर्णय गरियो ।

११. प्रस्ताव नं ९ (ग) मा छलफल गर्दा नेपालीहरुको महान् पर्व वडा दशै तथा दिपावली नजिकिदै गरेको अवस्थालाई मध्य नजर गरि सडकमार्ग सरसफाई गर्नका लागि प्राविधिकहरु खटाउने निर्णय गरियो ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

Scanned with CamScanner